# दलित, लोपोन्मुख आदिवासी जनजाति लगायतका लक्षित वर्गका लागि नवीकरणीय ऊर्जा प्रयोग गरि व्यवसाय विकास तथा व्यवसाय संचालन गर्न अनुदानका लागि निवेदन आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति :२०७४/१२/२८

निवेदन बुझाउने अन्तिम मिति :२०७५/०१/२८

नेपाल सरकारले यस आ.व २०७४/०७५ मा दलित, लोपोन्मुख आदिवासी जनजाति लगायतका लक्षित वर्गका लागि व्यवसाय विकास तथा व्यवसाय संचालन गर्नका लागि अनुदानको व्यवस्था गरि यो कार्यक्रम ल्याएको छ । कार्यक्रम ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय अन्तर्गतको यस वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र मार्फत कार्यान्वयन हुनेछ । कुनै पनि नवीकरणीय ऊर्जा प्रयोग गरी व्यवसाय विकास तथा व्यवसाय संचालन गर्नका लागि अनुदानको व्यवस्था गरिएकोले इच्छुक दलित, लोपोन्मुख आदिवासी जनजाति लगायतका लक्षित वर्गहरुबाट मिति २०७५/०१/२८ सम्म (१ महिना भित्र) यस केन्द्रमा आइपुग्ने गरि निवेदन पेश गर्नुहुन सम्बन्धित सबैका लागि यो सूचना प्रकाशित गरिएको छ ।

नवीकरणीय उर्जा प्रयोग गरेर व्यवसाय विकास तथा व्यवसाय संचालन गर्न इच्छुक व्यक्ति तथा निवेदकहरुबाट माग संकलन गरि उक्त माग सहित गाउंपालिका/नगरपालिका/उप-महानगरपालिका/महानगरपालिका, विभिन्न सामाजिक संघ संस्थाहरु वा कुनै व्यक्ति विशेषले संयोजन गरी एकमुस्ठ रुपमा पनि यस केन्द्रमा सिफारिसका साथ निवेदन पेश गर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

रीतपूर्वक प्राप्त नभएका निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ । पेश गर्नुपर्ने निवेदनको ढाँचा केन्द्रको वेवसाइट www.aepc.gov.np बाट प्राप्त गर्न सकिनेछ ।


नेपाल सरकार

ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

**उत्पादन मूलक उर्जा प्रयोग शाखा**

खुमलटार हाइट, ललितपुर

पो.व.नं १४३६४, फोन नं. ९७७-०१-५५३९३९०/५५३९३९१